# गोया अन्तरराष्ट्रीय केन्द्र बालबालिका जापानी भाषाको कक्षाहरू बिद्ध्यार्थी भर्ना



✐ नागोया अन्तरराष्ट्रीय केन्द्रमा जापानी भाषा मातृभाषाको रुपमा प्रयोग नगर्ने बालबालिकाहरुको लागि जापानी भाषा कक्षाहरूमा भर्ना खुल्दैछ। अन्तरराष्ट्रीय केन्द्रका स्वयंसेवकहरु मार्फत बिद्यालय अथवा दैनिक जिवानयापनको लागि आवस्यक पर्ने जापानी भाषा सिकाइन्छ । ✐

**लक्षित समूह:** निम्न मध्य कुनै एक वर्गमा पर्ने बालबालिकाहरु

①मातृभाषाको रूपमा जापानी भाषा नबोल्ने 6 वर्ष बाट 15 वर्ष सम्मको बालबालिका (2011 साल 4 महिना 2 तारिक बाट 2020 साल 4 महिना 1 तारिक सम्म जन्मिएका बालबालिकाहरु)

②अप्रिल 2, 2011 अघि जन्म, जन्मिएका र हाल निम्न माध्यमिक विध्यालयमा भर्ना भएका बच्चाहरु

※ तथापी, नम्बर ② को सम्बन्धमा, यदि तपाईं निम्न माध्यमिक विध्यालय सन्ध्याकालीन कक्षामा भर्ना हुनुभएको छ भने कृपया NIC उच्चमाध्यमिक तहका बिद्ध्यार्थीहरुको लागि जापानी भाषाको कक्षाहरूमा सहभागी हुनुहोस्।

※ नागोया शहरमा बसोबास गर्ने र नागोया शहरको सार्वजनिक प्राथमिक विद्यालय वा माध्यमिक विद्यालय पढिरहनु भएका अथवा पढ्ने योजना बनाउनु भएकाहरूलाई प्राथमिकता दिइनेछ।

**मिति र समय:** 5 महिना 17 गते वाट 7 महिना 19 गते, हरेक हप्ता आइतबार 10:00 बजे -11:30 बजे

**स्थान**： नागोया अन्तर्राष्ट्रिय केन्द्र, 3 तल्ला प्रशिक्षण कोठा, 5 तल्ला तल्ला सम्मेलन कोठा

**प्रवेश शुल्क**：1000 येन (जम्मा 10 पटकको शुल्क)　※एक पटक भुक्तानी गरिसकेको सहभागीता शुल्क फिर्ता हुने छैन।

**क्षमता**： 50 जना (लटरी प्रक्रिया)　*1 देखि 3 कक्षाका प्राथमिक विद्यालयका विद्यार्थीहरू 20 जना, 4 देखि 6 कक्षाका प्राथमिक विद्यालयका विद्यार्थीहरू 10 जना, जुनियर हाई स्कूलका विद्यार्थीहरू 20 जना

⚠ आवेदन प्रक्रिया "चिठ्ठा (लटरी)" मार्फत यदि तपाईंले चाँडै आवेदन दिनुभयो भने पनि, यदि त्यहाँ क्षमता भन्दा बढी आवेदनहरू छन् भने, एक चिट्ठा प्रक्रिया आयोजित हुनेछ, जहाँ तपाईं अनिवार्य रूपमा सहभागी हुन सकिने सुनिश्चित छैन।

**निबेदन दिने तरिका**： **वेब फारम प्रयोग गरि आवेदन दिनुहोस्।**

**2026 साल 4 महिना 15 तारिक (बुधबार) 10:00 बजे बाट 2026 साल 4 महिना 24 तारिक（शुक्रवार）12:00 बजे सम्म**

*कृपया आवेदन अवधि भित्र वेब फारम प्रयोग गरेर आवेदन गर्न निश्चित हुनुहोस्।

*यदि आवेदनको संख्या निर्धारित सीमाभन्दा बढी भएमा, लटरी प्रक्रिया हुनेछ।

दाजु- भाइ दिदि-बहिनीले सँगै आवेदन गर्दा, उनीहरूलाई सँगै सहभागी हुने ग्यारेन्टी छैन।

*आवेदन एक व्यक्ति द्वारा एक पटक मात्र गर्नुपर्छ। दुई पटक वा सो भन्दा बढी आवेदन (दोहरिएको) अस्वीकृत हुनेछ।

・अन्तरबार्ता मिति र समय：**5** महिना **10** तारिक (आइतबार) 10:00 बजे बाट

・स्थान：नागोया अन्तरराष्ट्रिय केन्द्र, 4 तल्ला प्रदर्शनी कोठा नम्बर 3

※यदि अन्तर्वार्ता र पैसा भुक्तानीको मिति मा भाग लिनु भएन भने, तपाईंले अध्ययन गर्न सक्नुहुन्न।

※अन्तर्वार्ता र भुक्तानीको समयमा बालबालिकालाई अभिभावक वा अभिभावकको साथमा हुनुपर्छ।

※ आबेदन, अबिभाबक संगै मिलेर भर्नु होला।

※ यदि वेब अनलाइन आबेदन गर्न कठिन भएमा टेलिफोन मार्फत हामीलाई सम्पर्क गर्नु होला।

**प्रायोजन:** नागोया सिटि बोर्ड अफ एजुकेसन

# अभिभावकहरुको लागि

**निबेदन दिनु अगाडी पदनुहोला**

1　जापानी भाषा कक्षाकोठाको उद्देश्य बिद्यालय अथवा दैनिक जिवानयापनको लागि आवस्यक पर्ने जापानी भाषा र स्कुलको रेकर्ड बढाउने भने होइन।

2　कक्षा कोठामा सिट सिमित भएकोले निवेदन दिनेको संख्या　(लटरी प्रक्रिया)

**नागोया अन्तरराष्ट्रीय केन्द्र बालबालिका जापानी भाषाको कक्षाकोठाबारे ध्यान दिनुपर्ने कुराहरु**

☆　अन्तर्वार्तामा बच्चा संगै आउनुहोला। यद्यपि, धेरै व्यक्तिको उपस्थिति रोक्नको लागि परीवारबाट एक जाना मात्र आउनुहोला।

☆　पानीको बोतलमा चिया लिएर पठाउनुहोला।

☆　बालबालिका ल्याउने लैजाने अभिभावकको जिम्मा हुनेछ र कुनै घटना भएको खण्डमा केन्द्रले कुनै पनि जिम्मा लिदैन।

☆　ताइफु या प्राकृतिक प्रकोपको स्थितिमा कक्षा कोठा बिदा हुनेछ।　त्यस समयमा नागोया अन्तरास्ट्रिय केन्द्रबाट मेल पठाउने छौ।

**सम्पर्क:**

नागोया अन्तरराष्ट्रीय केन्द्र

**फोन:** 052-581-5689 (सोमबार भवन बन्द)

**फ्याक्स:** 052－581－5629

**ई मेल:** vol@nic-nagoya.or.jp




**बिद्धालयका शिक्षकहरूलाई (अनुरोध)**

यो कक्षाकोठा नागोया अन्तरास्ट्रिय केन्द्रले नागोया शहरको लागि प्रबर्द्धनात्मक परियोजनाको रूपमा सञ्चालन गर्दछ जसमा जापानी भाषालाइ आफ्नो मातृभाषाको रुपमा रुपमा प्रयोग नगर्ने बालबालिकाहरुको बिद्धालय-जीवनप्रतिको चिन्ता हटाई जापानी भाषा सिकाईलाइ सहयोग गर्दछ।

बिद्धार्थीहरुको सिकाई ग्रहण क्षमतामा, प्रत्येक सहभागीको जापानी भाषा क्षमता र कक्षाकार्य बुझ्नको लागी,शिक्षकहरूको राय-सल्लाह दिनुहुनको लागि अनुरोध गर्दछौं।

बिद्धार्थीहरुले गर्न सक्ने कुरा र उनीहरुको कक्षाकार्यको बारेमा शिक्षकहरुको निष्कर्षलाइ अबिभाबकहरुको स्वीकृति लियर गरिएको मुल्यांकन यहाँ लेखिदिनु भयमा आभारी हुनेछौ।

☆ तपाईंले लेखि भरिदिएका सन्दर्भ सामग्रीहरू पेशागत प्रयोजन भन्दा अन्य उद्देश्यका लागि प्रयोग गरिने छैन।

**学校の先生方へ（お願い）**

この教室は、名古屋国際センターが名古屋市の指定管理事業として実施する事業で、日本語を母語としない子どもたちが学校での生活を心配なく送ることができるよう日本語の学習を支援しています。学習者を受け入れるにあたり、一人ひとりの日本語力や課題を知るために、先生方のご意見・ご助言をお願いします。

学習者のできること、課題について、先生のご所見を保護者の承諾を得たうえでご記入頂ければ幸いです。※ご記入頂いた内容は事業以外の目的には使用しません。

| 学校名 | 先生のお名前 |
| --- | --- |
| | |